वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश नेपाल २०७३

आज मिति २०८२ साल चैत्र महिनाको २३ गतेका दिन यस वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिका प्रमुख श्री मोहनमाया ढकाल (भण्डारी) ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको ८२ औं बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मोहनमाया ढकाल (भण्डारी) | नगर कार्यपालिका प्रमुख | नगर प्रमुख | |
| २. | श्री निलकण्ठ खनाल | नगर कार्यपालिका उप- प्रमुख | नगर उप-प्रमुख | |
| ३. | श्री दिनेश खत्री | वडा अध्यक्ष | वी.न.न.पा.- १ | |
| ४. | श्री गज बहादुर बुढा | वडा अध्यक्ष | वी.न.न.पा.- २ | |
| ५. | श्री बिनोद सिंह विष्ट | वडा अध्यक्ष | वी.न.न.पा.- ३ | |
| ६. | श्री शेर बहादुर के.सी. | वडा अध्यक्ष | वी.न.न.पा.- ४ | |
| ७. | श्री जनक बहादुर रावल | वडा अध्यक्ष | वी.न.न.पा.- ६ | |
| ८. | श्री ध्रुव कुमार चपाई | वडा अध्यक्ष | वी.न.न.पा.- ७ | |
| ९. | श्री टिकाराम शर्मा | वडा अध्यक्ष | वी.न.न.पा.- ८ | |
| १०. | श्री ऋषि गिरी | वडा अध्यक्ष | वी.न.न.पा.- ९ | |
| ११. | श्री डिल बहादुर रखाल | वडा अध्यक्ष | वी.न.न.पा.- १० | |
| १२. | श्री खिमलाल देवकोटा | वडा अध्यक्ष | वी.न.न.पा.- ११ | |
| १३. | श्री चुडामणी चपाई | वडा अध्यक्ष | वी.न.न.पा.- १२ | |
| १४. | श्री दिपेन्द्रराज कोईराला | वडा अध्यक्ष | वी.न.न.पा.- १३ | |
| १५. | श्री देव बहादुर रोकाय | वडा अध्यक्ष | वी.न.न.पा.- १४ | |
| १६. | श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष | वी.न.न.पा.- १५ | |
| १७ | श्री डण्ड बहादुर बि.क. | वडा अध्यक्ष | वी.न.न.पा.- १६ | |
| १८. | श्री यामुना नेपाली | कार्यपालिका सदस्य | वी.न.न.पा.- १२ | |
| १९. | श्री टिका घले | कार्यपालिका सदस्य | वी.न.न.पा.- ४ | |
| २०. | श्री सरीता चौधरी | कार्यपालिका सदस्य | वी.न.न.पा.- २ | |
| २१. | श्री तृप्ती कुमारी बि.क. | कार्यपालिका सदस्य | वी.न.न.पा.- ११ | |
| २२. | श्री लक्ष्मी चौधरी | कार्यपालिका सदस्य | वी.न.न.पा.- १० | |
| २३. | श्री नवराज गुरुङ्ग | कार्यपालिका सदस्य | वी.न.न.पा.- ३ | |
| २४. | श्री रचना बाँठा | कार्यपालिका सदस्य | वी.न.न.पा.- १३ | |
| २५. | श्री लक्ष्मी प्रसाद बास्कोटा | सचिव | प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८२/१२/२३ गते सोमबार बसेको ८२ औं नगर कार्यपालिकाको बैठकमा भएका निर्णयहरुः

निर्णय नं. १

कार्यपालिका बैठकमा हालसम्म भएका निर्णयहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा समीक्षा गर्दा सन्तोषजनक रहेको पाईयो र आगामी दिनमा कार्यपालिकामा भएका निर्णयहरु अझ वढि प्रभावकारी रुपमा सम्पादन गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. २

संशोधनको लागि बैठकमा पेश भएका कार्यविधि/निर्देशिकाहरु देहाय बमोजिम संशोधन गर्ने ।

क. अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७५

दोस्रो संशोधन

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| दफा ६ (४) (क): रुट परमिटको अवधि ४ महिनाको हुनेछ । | दफा ६ (४) (क): रुट परमिटको अवधि १ वर्षको हुनेछ । | ४/४ महिनामा परमिट जारी गर्दा सेवाग्राहीलाई कठिनाई भएको र कामका दोहोरोपना भएकाले । |

ख. पर्यटकीय तथा दर्शनीय स्थल व्यवस्थापन कार्यसुची, २०७८

प्रथम संशोधन २०८२

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| पर्यटकीय तथा दर्शनीय स्थल व्यवस्थापन कार्यसूची २०७८ | पर्यटकीय तथा दर्शनीय स्थल व्यवस्थापन मापदण्ड २०८२ | नाम संशोधन आवश्यक भएकाले |
| पृष्ठभूमिमा थप | व्यक्ती, संस्था वा निजी क्षेत्र समेतले संचालन गर्ने वा संचालन गरेका पार्क तथा पर्यटकीय क्षेत्रको व्यवस्थापन गर्न वान्छनीय भएकाले, | कार्यसूचिमा उल्लेख बाहेकका अन्य सम्भावित स्थलहरुमा निजी क्षेत्र स्वयंको व्यवस्थापनमा संचालनमा रहेका र नयाँ स्थापना हुने पर्यटकीय क्षेत्र समेतलाई नगरपालिकाको नियमन क्षेत्राधिकारमा समावेश गरी राजस्वको दायरा विस्तार गर्न आवश्यक भएकाले, |
| दफा २ संरक्षण संचालन तथा | थप गर्नुपर्ने स्थल निजी क्षेत्रले संचालन गर्ने पार्कहरु र साहसिक तथा मनोरन्जनात्मक स्थलहरु | यस अघि अस्थायी अनुमति प्रदान गरिएको र हाल निजि क्षेत्र बाट अनुमति माग भएको हुँदा, |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | |
|---|---|---|
| व्यवस्थापन गर्ने स्थलहरु | | |
| दफा ३ संरक्षण संचालन तथा व्यवस्थापन गर्ने स्थलमा निजी क्षेत्रले गर्ने कार्यको विवरण | दफा ३ (ङ) थप गर्नुपर्नेः निजी क्षेत्रले संचालन गर्ने पार्क र साहसिक तथा मनोरन्जनात्मक स्थलहरु नगर क्षेत्रभित्र विभिन्न निजी क्षेत्र, व्यक्ति, संस्था वा निकायले आफ्नो स्वामित्वमा रहेको वा बहालमा लिईएको जमिन वा जमिनमा कुनै संरचना निर्माण गरी नगरको समग्र पर्यटन क्षेत्रको विकास, प्रवर्द्धन र राजश्व योगदानमा प्रत्यक्ष सहयोग गर्ने उद्देश्य लिई पार्क, साहसिक तथा मनोरन्जनात्मक स्थल संचालन गर्न चाहेमा देहायका शर्तको पालना गर्नुपर्नेछ ।<br>(क) पार्कभित्र कम्तीमा चालिस प्रतिशत क्षेत्र पद मार्ग सहित खुला, हरियाली, बाल क्रिडा स्थल तथा फलफूल बगैचा कायम गर्ने ।<br>(ख) पार्क स्थलमा आउने पर्यटकको संख्यात्मक विवरण सहितको प्रतिवेदन मासिक रुपमा नगरपालिकाको राजश्व शाखा समक्ष पेश गर्ने ।<br>(ग) प्रवेश शुल्क वाफत स्वदेशी पर्यटकको हकमा रु.२० र विदेशीको हकमा रु.५० मात्र लिनुपर्ने । प्रवेश शुल्क वापतको टिकट स्वयं संचालकले छपाई गरे पश्चात राजश्व शाखाबाट प्रमाणित र अभिलेखीकरण गरी लिनुपर्नेछ । प्रमाणित नगरिएका टिकट प्रयोग गर्न पाईनेछैन । प्रवेश शुल्क वाफत संकलन भएको रकमको ५ प्रतिशत रकम मनोरन्जन कर वापत मासिक रुपमा नगरपालिकामा बुझाउनुपर्नेछ ।<br>(घ) यस नगरपालिकाको १३ देखी १६ भित्रका उपत्यका बाहिरका वडाहरुमा संचालन हुने पार्कको हकमा र स्केटिङ्ग खेल, बालमैत्री साहसिक तथा मनोरन्जनात्मक खेलहरुको हकमा प्रवेश शुल्क वापत स्वदेशी पर्यटकको हकमा रु.५० र विदेशीको हकमा रु.१०० मात्र लिनुपर्ने | निजि क्षेत्रले संचालन गर्ने पार्कको दिगो व्यवस्थापन गर्न आवश्यक भएकाले । |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

बीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश नेपाल
२०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | |
|---|---|---|
| | (ङ) पार्कमा आउने पर्यटकको सामुहिक बिमा गर्नुपर्नेछ। अनुमति प्राप्त क्षेत्रभित्र सार्वजनिक शान्ति र सौहार्दता कायम गर्ने दायित्व स्वयं व्यवसायीको हुनेछ ।<br>(च) पार्क संचालन तथा व्यवस्थापनको अन्तिम दायित्व व्यवसायी स्वयको हुनेछ । पार्क संचालन गरेको आधारमा व्यवसायीलाई कुनै छुट तथा सुविधा उपलब्ध हुनेछैन । अनुमति दिएको आधारमा नगरपालिकाको कुनै पनि थप आर्थिक दायित्व सिर्जना हुनेछैन ।<br>(छ) पार्क भित्र कुनै स्थायी वा अस्थायी भौतिक संरचना निर्माण गर्नुपुर्व प्रचलित कानून बमोजिम नगरपालिकाको पुर्वस्वीकृति लिनुपर्नेछ ।<br>(ज) कुनै साहसिक खेल तथा मनोरन्जनका गतिविधि संचालन गर्नुपूर्व प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति प्राप्त गर्नुपर्ने भएमा सो लिए पश्चात मात्र नगरपालिकाबाट सोको संचालन अनुमति उपलब्ध हुनेछ ।<br>(झ) संचालन अनुमति हरेक आर्थिक वर्ष नवीकरण गर्नुपर्नेछ ।<br>(ञ) पार्क भित्र खानेपानी र फोहोरको उचित प्रबन्ध गर्नुपर्नेछ ।<br>(ट) उपभोक्ता हितको प्रतिकूल हुने गरी कुनै खाद्य सामाग्री साथै वस्तु तथा सेवाको विक्री वितरण गर्न पाईनेछैन । | |

ग. मेला महोत्सव व्यवस्थापन मापदण्ड, २०७५

पहिलो संशोधन

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| दफा २(१): मेला महोत्सव भन्नाले वीरेन्द्रनगर नगरपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा दुई दिन भन्दा बढि अवधि सम्म गरिने | दफा २(१): मेला महोत्सव भन्नाले वीरेन्द्रनगर नगरपालिका भित्रका कुनै पनि निजि वा सार्वजनिक स्थलमा दुई दिनभन्दा बढि अवधिसम्म गरिने व्यापारिक धार्मिक सांस्कृतिक साहित्यिक | निजि क्षेत्रमा संचालित मेला समेतलाई नियमन गर्न आवश्यक भएकाले |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | |
|---|---|---|
| व्यापारिक धार्मिक सांस्कृतिक साहित्यिक पर्यटकीय औद्योगिक तथा उद्यम शैक्षिक कृषि आदि प्रवर्द्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई जनाउनेछ । | पर्यटकीय औद्योगिक तथा उद्यम शैक्षिक कृषि आदि प्रवर्द्धनका लागि गरिने विभिन्न मेला महोत्सवलाई जनाउनेछ । | |
| दफा ४(१): प्रत्येक आ.व. मा वीरेन्द्रनगर नगरपालिकाभित्र मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले नगरपालिकामा भाद्र मसान्तभित्र अनुसूची १ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित आवेदन गर्नुपर्नेछ । | दफा ४(१) प्रत्येक आ.व. मा वीरेन्द्रनगर नगरपालिकाभित्र सार्वजनिक स्थलमा मेला महोत्सव लगाउन चाहने संस्था वा कार्यालयले नगरपालिकामा भाद्र मसान्तभित्र अनुसूची १ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित आवेदन गर्नुपर्नेछ । तर निजि स्वामित्वको जग्गामा लगाईने मेला महोत्सवको हकमा सो गर्नु पूर्व पन्ध्र दिन अगावै अनुमति लिनुपर्नेछ । | पटके रुपमा संचालन हुने महोत्सवलाई नियमन गर्नुपर्ने भएकाले |

घ. फूटपाथ व्यवसाय व्यवस्थापन मापदण्ड, २०८२

पहिलो संशोधन

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| नभएको | बुंदा न ४ (१०) नगर क्षेत्रभित्र घुमिफिरी देहायका सेवा संचालन गर्न सक्ने<br>क. कबाडी फलाम संकलन गर्ने,<br>ख. कपाल, पुराना कपडा, सिसि बोत्तल संकलन गर्ने,<br>ग. कपडा, कागज संकलन तथा प्रशोधन गर्ने,<br>घ. दैनिक उपभोग्य सामाग्रीहरु बेचबिखन गर्ने,<br>ङ. पुराना मोबाईलसँग बाटा, कम्मल आदी साट्ने,<br>च. सिजनल व्यापारहरु,<br>छ. बालबालिकाका खेलौना, फूल, राखि, टिका केशरी, जडिबुटी तेल आदि बिक्रि वितरण गर्ने,<br>ज. दैनिक उपभोगमा भाडा वर्तन बिक्री, वितरण गर्ने।<br>यी सेवा संचालन गरे बाफत दफा ८(३) बमोजिमको जग्गा भाडा बाहेक अन्य कर तिर्नु पर्नेछ । औषधिजन्य सामाग्री बिक्रि, वितरण गर्नेले तोकिएको निकायबाट पुर्वस्वीकृति लिनुपर्नेछ । | क. यी व्यवसायहरु संचालनमा रहेका ।<br>ख. नियमनमा ल्याउन आवश्यक भएको ।<br>ग. घुमिफिरी सेवा दिने भएकाले जग्गा भाडा लिन समस्या भएको । |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुर्खेत कर्णाली प्रदेश नेपाल २०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय नं. ३

आगामी नगरसभाबाट अनुमोदन गराउने गरी भवन/संरचना निर्माण सम्बन्धी मापदण्ड २०८१ को दफा ९.६ बमोजिमको प्राविधिक समितिले गरेको सिफारिसको आधारमा उक्त मापदण्डलाई देहाय बमोजिम संशोधन गर्ने र सोहि बमोजिम कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| दफा ३६ को उपदफा १ नगरपालिकाले आवासीय भवन वा मिश्रित आवासीय भवन निर्माण गर्न २०७२ चैत्र २६ गते अधि नै कित्ताकाट भइसकेको ८० वर्गमिटर सम्मको क्षेत्रफल भएको घडेरीमा ९० प्रतिशत, २५० वर्गमिटर क्षेत्रफल भएको घडेरीमा ७० प्रतिशत र सोभन्दा बढी क्षेत्रफल भएको घडेरीमा ६० प्रतिशत भन्दा बढी नहुनेगरी जग्गा उपयोग प्रतिशत (Ground Coverage Percentage) स्वीकृत दिनुपर्दछ । | दफा ३६ को उपदफा १ नगरपालिकाले आवासीय भवन वा मिश्रित आवासीय भवन निर्माण गर्न २०७२ चैत्र २६ गते अधि नै कित्ताकाट भइसकेको ८० वर्गमिटर देखि २४९ वर्गमिटर सम्मको क्षेत्रफल भएको घडेरीमा ९० प्रतिशत र २५० वर्गमिटर वा सोभन्दा बढी क्षेत्रफल भएको घडेरीमा ७० प्रतिशत भन्दा बढी नहुनेगरी जग्गा उपयोग प्रतिशत (Ground Coverage Percentage) स्वीकृत दिनुपर्दछ । | जनगुनासो प्राप्त भएको, अन्य पालिकाको व्यवस्था र प्राविधिक समितिको सिफारिस । |

निर्णय नं. ४

श्री नापी कार्यालय सुर्खेतको च. नं. ३२६ मिति २०८२/०८/२९ को पत्रबाट यस नगरपालिकाको वडा नं ७ र ८ साविक कटकुवा १,२,५,६,७ र ९ पुनः नापीबाट कायम वीरेन्द्रनगर ७, ८ र ९ को श्रेस्ता मिति २०८२/०५/२४ को आन्दोलनको क्रममा नापी कार्यालयमा आगजनी भई नयाँ नापीको सम्पुर्ण श्रेस्ता जली नष्ट भएको तथा साविक नापीको श्रेस्ता सुरक्षित रहेको भन्ने जानकारी प्राप्त भएकोले हालसम्म पनि सेवा प्रवाह स्थगित भई यस नगरपालिकामा दैनिक जनगुनासो आउने गरेको तथा राजश्व संकलनमा समेत प्रभाव परेको हुदाँ पुन नापी बमोजिम जग्गा दर्ता भएका र हुन बाँकी रहेका जग्गाहरुको तत्काल साविक बमोजिम नै किनबेच लगायतका हक हस्तान्तरण र सेवा प्रवाह सञ्चालन गर्न तथा यथाशीघ्र पुनः नापजाच गरी सेवा प्रवाह सहज बनाउन श्री नापी कार्यालय सुर्खेत र मालपोत कार्यालय सुर्खेतमार्फत नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ५

नगर विकास कोष काठमाण्डौंको मिति २०८२/१२/१० च.नं. १३६२ को पत्रबाट माग भए बमोजिम नगर विकास कोषबाट सञ्चालन गर्न देहायका आयोजना तथा कार्यक्रमहरुको सुचीकरणका लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

**विस्तृत परियोजना प्रतिवेदन DPR का लागि**

१. इत्राम खोलाको करिडोर निर्माण

लक्ष्मी प्रसाद वास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय सुर्खेत कर्णाली प्रदेश नेपाल २०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

२. वडा नं. १३ को जर्बुटा शान्तीपार्क निर्माण
३. वडा नं. १४ को ऐतिहासिक गढी क्षेत्र

**निर्णय नं. ६**

यस नगरपालिकाको नगर महत्वको योजनाको रुपमा रहेको कर्णाली वसपार्क निर्माणका लागि कर्णाली प्रदेश सरकारबाट निर्मित DPR बमोजिमको बीनपा १ कृष्ण सामुदायिक वन क्षेत्रको करिव ५ हेक्टर जग्गामा प्लाटफर्म इन्जिनियरिङ कन्सल्टेन्सि प्रा.लि. काठमाण्डौको प्राविधिक सहयोगमा तयार गरिएको कर्णाली वसपार्क निर्माण कार्यको प्रारम्भिक वातावरणीय परीक्षणको (IEE) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने । साथै DPR तथा IEE ले निर्दिष्ट गरे बमोजिमको वनक्षेत्रको जग्गा यस नगरपालिकालाई वसपार्क निर्माण प्रयोजनका लागि उपलब्ध गराउने नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

वीरेन्द्रनगर नगरपालिकाको कार्यालयबाट गत आ. व. २०८१/०८२ मा बोलपत्रका माध्यमबाट खरिद प्रक्रिया भई सम्झौता भएका योजना विभिन्न कारणले तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेको भनी सम्बन्धित निर्माण व्यवसायीले म्याद थपका लागि यस कार्यालयमा निवेदन दर्ता गरेकाले सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौं संशोधन) को नियम १२० (क) बमोजिम तपसिल वमोजिमका आयोजनाको तपसिल अनुसार म्याद थप गर्ने ।

१. पन्ध्र शैयाँ अस्पताल निर्माण लाटिकोइली — म्याद थप हुने २०८३/०३/०१
२. प्रशासकीय भवन निर्माण कार्य — म्याद थप हुने २०८३/०१/२०
३. भेरीमा आर्यघाट तथा प्रतिक्षालय निर्माण- — म्याद थप हुने २०८३/०३/०१
४. बसपार्क पश्चिम बसपार्क विस्तार कार्य - म्याद थप हुने २०८३/०१/३०
५. बाल विकास केन्द्र पार्क निर्माण - म्याद थप हुने २०८३/०१/३०
६. राम जानकी मन्दिरदेखि उषा बालबाटिका हुदै च्याम्बर मार्ग जोड्ने सडक [illegible]रोन्नती वडा नं. ६ - म्याद थप हुने २०८३/०२/३०
७. हाइमास्ट लाईट जडान कार्य - म्याद थप हुने २०८३/०१/३०
८. दैलेख रोडदेखि श्रीधर पौडेलको घर जाने सडक वडा नं. ७ - म्याद थप हुने २०८३/०२/३०
९. वडा नं. ७ कार्यालय भवन निर्माण - म्याद थप हुने २०८३/०१/३०
१०. गोदामलाइन पार्क निर्माण - म्याद थप हुने २०८३/०२/३०

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुर्खेत कर्णाली प्रदेश नेपाल २०७३

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

निर्णय नं. ८

विविध

क. सम्मानित सर्वोच्च अदालतवाट स्टे अर्डर भै यस नगरपालिकामा हाजिर हुनु भएका चौबिस जना स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट बजेट प्राप्त भएमा पारिश्रमिक उपलब्ध गराउने गरी सम्मानित अदालतवाट अर्को आदेश नभए सम्मका लागि हाललाई यस नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा कामकाजमा खटाउने ।

ख. परामर्शदाता श्री प्लेटफर्म इन्जिनियरिङले तयार गरेको प्रशासकिय भवनको Interior Design तथा घण्टाघर- खेलकुद चोक सडक निर्माणको DPR प्रतिवेदन स्विकृत गरी ठेक्का प्रकृया अगाडि बढाउने ।

ग. १२ नं. वडा कार्यालयको च.नं. १७६४ मिति २०८२/११/११ को सिफारिस बमोजिम सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ निवासी मौलाना वसिर वक्सले इस्लाम धर्मको पवित्र धार्मिक ग्रन्थ कुरान नेपाली भाषामा अनुवाद गरी अरवी लिपिवाट नेपाली लिपिमा छपाई कार्यको लागि सहयोग माग गर्नु भएकोमा उक्त धार्मिक ग्रन्थ कुरान खरिद गरी विभिन्न इस्लामिक धार्मिक स्थलमा वितरण गर्नका लागि आगामी नगर सभावाट अनुमोदन गर्ने गरी रु ३,००,०००।- (अक्षरुपी तिन लाख मात्र) बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

घ. आगामी नगरसभावाट अनुमोदन गराउने गरी देहाय अनुसार योजना संसोधन गर्ने निर्णय गरियो ।

| सि.न | वडा/नगरपालिका | योजनाको नाम | रकम | संशोधित योजनाको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | वडा नं.१२ | हस्तविर स्कुल फिल्ड निर्माण गोटा टायल लगाउने । | रु. ५ लाख | हस्तविर स्कुलमा फर्निचर तथा फिक्चर | रु. ५ लाख |
| २. | वडा नं.३ | सिर्जनसिल टोल डिपबोरिङ | रु १४ लाख | वडाका विभिन्न सडकमा आवश्यकता र महत्वको आधारमा सडक ग्राभेल गर्ने । | रु. १० लाख |
| | | | | सिर्जनसिल टोल डिपबोरिङ बाट टोलवासी लाई घर घरमा पिउनेपानी वितरणको लागि पाईप खरिद गर्ने । | रु. ४ लाख |
| ३ | नगरपालिका | राताडाँडा सिरेनि खानेपानि आयोजना विनपा १३ | रु. १५ लाख | पौडेल टोल सलामी टोल खानेपानी योजना वीनपा १३ | रु. ५ लाख |
| | | | | राताडाँडा सिरेनी खानेपानि आयोजना वीनपा १३ | रु. १० लाख |
| ४ | नगरपालिका | मानव सेवा घरभाडा | रु. १० लाख | मानव सेवा घरभाडा तथा अन्य आवश्यक सामाग्रि खरिद | रु. १० लाख |
| ५ | वडा नं. १ | धारापानी स्कुल भवन निर्माण | रु. १५ लाख | सरस्वती प्रा.वि.को पूर्वाधार निर्माण । | रु. १५ लाख |
| ६ | | खानेपानी ट्याकी निर्माण | रु. ५० लाख | मोतिलाल रावतको घर देखि स्मृती रानाको घरसम्म जाने | रु. १५ लाख |

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश नेपाल

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा नं. ९ | | | बसन्त खत्रीको घर देखि मिना शर्माको घरसम्म नाला निर्माण तथा स्तरोन्नती | रु. २५ लाख |
| | | | | कल बहादुर थापाको घर देखि दक्षिण मिना बुढाको घरसम्म नाला निर्माण | रु. १० लाख |
| | | वडा खानेपानी व्यवस्थापन | रु. २० लाख | तिलपुर टोल डिपबोरिङ | रु. ११ लाख ५० हजार |
| | | | | मोटर खरिद | रु. ३ लाख |
| | | | | फिटिङ सामान खरिद | रु. ५० हजार |
| | | | | HDI पाइप खरिद | रु. ५ लाख |
| | | साझेदारिमा विधुतिय चुलो वितरण | रु. २ लाख | विभिन्न टोलहरुमा सडक बत्ती जडान | रु. २ लाख |
| | | भुमि व्यवस्थापन खर्च | रु १ लाख | देलेखी टोल अन्तर्गत झुप बहादुर खत्रीको घरदेखि उत्तर स्याउली बजार शिव मा.वि. सडक नाला मर्मत | रु. १ लाख |

ङ. यस नगरपालिकावाट करार शिक्षकको विज्ञापन भई छनोट भएका कामकाजका लागी सम्बन्धित विद्यालयहरुमा सिफारिस गरिएका तपसिल बमोजिमका शिक्षकहरुको नियुक्ति अनुमोदन गर्ने ।

तपसिलः

| क.स | शिक्षकको नाम थर | ठेगाना | विद्यालयको नाम | तह |
|---|---|---|---|---|
| १. | सुन्दर प्रसाद शर्मा | भेरीगंगा नपा. १२ सुर्खेत | शिव मा.वि. ९ लाटिकोइली | मा.वि. द्बितिय |
| २. | राधा चौधरी | वीरेन्द्रनगर नपा. ११ सुर्खेत | कालिका प्रा.वि. सुब्बाकुना | प्रा.वि. तृतिय |
| ३. | मान बहादुर वि.क. | वीरेन्द्रनगर नपा. ११ सुर्खेत | शिव मा.वि. ११ धुलियाबिट | मा.वि. तृतिय |
| ४. | नैना खासु | वीरेन्द्रनगर नपा. १४ सुर्खेत | श्री आदर्श मा.वि. मेहेली | नि.मा.वि. तृतिय |

च. आगामी २०८३ वैशाख २५ गते यस नगरपालिकाको स्वर्ण स्थापना दिवस भब्य तथा सभ्य रुपमा सम्पन्न गर्न सोको तयारीका लागि देहाय बमोजिमका समितिहरु गठन गर्ने ।

१. मुल समारोह समितिः

क) नगर प्रमुख — अध्यक्ष

ख) नगर उपप्रमुख — उपाध्यक्ष

ग) सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु — सदस्य

घ) कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु — सदस्य

लक्ष्मी प्रसाद वास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

ङ) सम्पूर्ण शाखा प्रमुख ज्यूहरु — सदस्य

च) प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

२. प्रतिबेदन तयारी समिति:

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख) सम्पूर्ण शाखा प्रमुखहरु — सदस्य

ग) योजना तथा वातावरण शाखा प्रमुख — सदस्य सचिव

३. कार्यक्रम आयोजना तथा तयारी समिति:

क) श्री निलकण्ठ खनाल, नगर उपप्रमुख — संयोजक

ख) श्री टिकाराम शर्मा संस्थागत श्रोत व्यवस्थापन तथा सुशासन समिति संयोजक - सदस्य

ग) श्री दिनेश खत्री १ नं. वडा अध्यक्ष — सदस्य

घ) श्री यमुना नेपाली कार्यपालिका सदस्य — सदस्य

ङ) श्री टंक प्रकाश लामिछाने प्रशासन शाखा प्रमुख — सदस्य सचिव

छ. यस नगरकार्यपालिकावाट तपसिलका कर्मचारीहरुको अध्ययन तथा असाधारण विदा स्वीकृत गरिएकोमा विभिन्न कारणले निजहरुले स्वीकृत अबधि अगावै कार्यालयमा हाजिर हुन निवेदन पेश गरेको हुँदा कर्णाली प्रदेश सरकार स्थानिय सेवा (गठन तथा सञ्चालन) निमावली, २०८१ को दफा ९२ को उपदफा (५) बमोजिम बाँकी अवधिको विदा खारेज गरी कार्यालयमा हाजिर गराउने निर्णयलाई अनुमोदन गराउने ।

| क.स | नाम थर | पद | विदाको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | निरक बहादुर थापा | सि.अ.हे.व | असाधारण विदा | |
| २. | निराजन चपाई | ज.स्वा.नि | अध्ययन विदा | |

ज. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र (HRDC) बनेपाले यस नगरपालिकाको वडा नं. १ मा रही सेवा दिईरेकोले उक्त संस्थालाई विभिन्न उपकरण सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न रु. १,५०,०००।— (अक्षरुपी एक लाख पचास हजार मात्र) सहकार्य गर्ने ।

झ. यस कार्यालयको एम्बुलेन्स सञ्चालनको लागि विगत देखि उक्त एम्बुलेन्समा चालकको रुपमा कार्यरत रहदै आउनु भएका लक्ष्मण खड्का वीनपा ५ सुर्खेत लाई चैत्र महिना देखि लागु हुने गरी एम्बुलेन्स चालकको रुपमा करारमा नियुक्ति गर्ने निर्णय गरियो।

लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख